


अध्याय ६

जीविकाको खोजीमा

हिउँदे बाली भित्र्याएपछि जब घरमा खाना र बाहिरी कामको अभाव हुँदा तपाईं के नै गर्न सक्नुहुन्छ र ? आफ्नो गाउँबाट बाहिर काम खोज्ने एउटा मात्रै विकल्प भए तापनि त्यो पूरै सुरक्षित भने हुँदैनथ्यो । बसाईंसराई (अस्थायी वा स्थायी) बीस वर्षअघि पनि सुरीका मानिसको जीवनशैलीको अभिन्न अङ्ग थियो किनकी थुप्रै परिवारसँग थोरै जमिन थियो जसको उब्जनीले परिवार पाल्न धौधौ नै हुन्थ्यो । तर यो क्रम सुरीमा मात्रै नभई पूरै देशभरि नै फैलिएको छ ।

सन् १९९०, ७  मार्च मा घर पठाएको चिठ्ठी

अहिले गाउँमा ठूलै चहलपहल छ किनकी सिक्किममा काम गर्न गएका थुप्रै केटाहरु घर फर्केका छन् । उनीहरुले आफ्नो परिवारलाई उपहार र पैसाका साथै सिक्किममै रहेका अन्य दाजुभाइको खबर पनि आफूसँगै ल्याएका छन् । उनीहरु विशेषगरी सुनुवार समुदायबाट छन् र जाँड खाएर रमाइलो गर्दैछन् । ती फर्केकामध्ये मित्रमान (जसको छोराको निधन भएको थियो)पनि छन्, म हिजो उनको घर गएकी थिएँ मलाई जिन्स प्यान्ट र ज्याकेट लगाएका मित्रमानलाई चिन्न निकै गाह्रो भएको थियो । मित्रमानले आफूसँगै केही पैसा र अशोकले पठाएको उपहार ल्याएको रहेछ जसबारे सुनेर म खुसी भएँ ।

म एकदुई दिनअघि वीरमायाकोमा गएकी थिएँ र उनको घरको अवस्था अति नै नाजुक भइसकेको रहेछ । उनको घरमा अन्नको एक गेडा पनि बाँकी थिएन भने बाँकी रहेको पैसा पनि सबै खत्तम भइसकेको रहेछ र उनी नेवार परिवारसँग खाना माग्दामाग्दा र खानाको पैसा चुकाउन उनीहरुकोमै काम गरिरहेकी थिइन् जसबाट उनी वाक्क भइसकेकी रहिछिन् । उनले मसँग भनिन् “हेर्नुहोस् मलाई, मेरा लुगा सब ठाउँठाउँमा टालिएका छन्, घरमा एक माना अन्न पनि छैन, जतिखेर पनि मागेर खानुपर्ने अवस्था छ र उसले एक रुपियाँ पनि पठाएको छैन । मसँग यदि अलिकति पैसा र कोही साथी भए म भागेर काठमाडौं जान्थेँ ।” यदि मौका मिल्यो भने उनले त्यसो गर्नेमा म विश्वस्त पनि छु किनकी प्रमिला जन्मिनुभन्दा अघि उनले त्यसो गरिसकेकी छिन् तर अब छोरी भएकाले त्यो त्यत्ति सहज भने देखिँदैन । पछिल्लो पटक उनी त्यसरी भाग्दा गाउँलेले अशोकलाई सिक्किममा खबर पठाएका थिए र अशोक सिक्किम छोडेर उसलाई खोज्न काठमाडौं आएको थियो । अशोकले उसलाई काठमाडौंमा भेट्टायो जब वीरमायाका सामानहरु चोरी भइसकेका थिए त्यसैले सायद उनी अशोकलाई देखेर खुसी भइन् होला । यता फर्केपछि सायद उनले अशोकबाट त्यत्रो आँट गरेबापत् मान पनि पाइन् होला ।

आज बिहान म वीरमायाकोमा जाँदा उनी खुसीले नाचीरहेकी थिइन् र फटाफट बिहानको खाना : उधारो मागिएको चामल र सोलदार (नून पानी र खुर्सानी)तयार गर्दै थिइन् किनकी उनलाई जति छिटो सिङ्टी पुगेर जति बोक्न सकिन्छ त्यत्ति सस्तो चामल किनेर ल्याउनु थियो । वीरमाया र प्रमिला दुवैजना नयाँ लुगा पाएकाले खुसीले गदगद् थिए तर प्रमीलाको जालीदार रङ्गीचङ्गी फ्रक केही छिन्मै च्यातिएला जस्तो देखिन्थ्यो । बाहिरी दुनियाँका बारेमा थाहा पाउँदा पाउँदै पनि वीरमायाको जीवन जसरी बितिरहेको छ त्यसलाई देखेर वीरमायाको जीवनमा परिवर्तन

आओस् भनेर आशा गर्नु गलत होइन । उनी सिक्किममा हुर्केकी र केही समय स्कूल पनि गएकी थिइन् र कहिलेकाहीं सिनेमा हेर्न पनि जान्थिन् जहाँबाट उनले धेरै रोमाञ्चक भाव तथा हिन्दी गीत कण्ठस्थ पारेकी छिन् ।

स्थायी बसाईसराईं नेपाली जीवनशैलीमा शताब्दी अघिदेखि नै रहिआएको चलन हो र आज सुरीमा बस्नेलाई सोधियो भने पनि धेरैले उनीहरुका पुर्खा अर्कै गाउँबाट त्यहाँ सरेका बताउँछन् । यस्तो बसाईंसराईं प्राचीनकालदेखि चलिआएको प्रक्रिया हो यद्यपि पहिले बस्न र खेतीका लागि योग्य जमिनको खोजीमा हुन्थ्यो भने अहिले रोजगारीका लागि । अहिलेका मानिसहरु हाम्रो सोचाईभन्दा पनि बढी गतिशील छन् । वीरमायाको जन्म दोलखामा भएको हो र उनी सानै हुँदा उनको परिवार सिक्किम बसाईं सर्‍यो र उनको विवाह गराउनका निम्ति गाउँ फर्कियो । अहिले उनी आफ्नो आर्थिक स्थिति मजबुत पार्नका लागि भक्तपुरमा बस्छिन् ।

बसाईंसराई गर्ने नेपालीहरुको प्रमुख गन्तव्य भनेको भारत थियो । ब्रिटीस आर्मी वा भारतीय आर्मीमा गोर्खा आर्मीले काम गर्नु परम्परा नै बनिसकेको छ । शताब्दीअघि स्वीट्जरल्याण्डमा यस्तो जीविकोपार्जनको माध्यम सामान्य थियो । गोर्खा आर्मीको रुपमा विशेषगरी पूर्वी तथा पश्चिम केन्द्रबाट बढी जाने परम्परा थियो । सुरीका केही खड्काहरुमा पनि नेपाल आर्मीमा काम गर्ने परम्परा थियो तर आफ्नो स्तर उकासिएका र गाउँमा आफ्नो वर्चस्व कायम राखेकाहरु भने यस पेसातर्फ आकृष्ट थिएनन् । यसको साटो उनीहरु घर महिलालाई सुम्पेर भारतीय उद्योग तथा भवन निर्माण कार्यको खोजीमा लाग्थे । केही महिना आफ्नै गाउँमा बस्न सकिने हुनाले बीसौं शताब्दीको मध्यतिर सबैतर्फ मौसमी बसाईंसराई लोकप्रिय बनेको थियो

दसैं तिहारको चाड सकिएपछि पुरुषहरु कामको खोजीमा निस्कन्थे । उनीहरु वैशाखतिर मात्रै घर फर्कन्थे जब वर्खाका लागि दाउरा संचय गर्ने र अन्य कृषिसम्बन्धी कामको थालनी हुन्थ्यो । खेतमा गरा बनाउन र मर्मत गर्न, सिंचाईको व्यवस्था मिलाउन तथा खेत जोत्नमा पुरुषको मद्दत आवश्यक पर्थ्यो यद्यपि धान र गहुँ रोप्ने काम भने महिलाको हुन्थ्यो । तर सबैमा यो प्रक्रिया लागू हुँदैन थियो किनकी अविवाहित पुरुषहरु वर्षौंसम्म पनि बाहिरै बस्थे र कहिलेकाहीं चाडवाडका बेलामा मात्रै आउँथे । अति नै गरिबका लागि वर्षौंसम्म गाउँबाहिर रहेर काम गर्नु नै एउटा मात्रै विकल्प हुन्थ्यो किनकी वर्षौं मजदूरी गरेपछि मात्र उनीहरु सानो टुक्रा जमिन किनेर घर बनाउने अवस्थामा पुग्थे र तब मात्रै उनीहरु आफ्नो परिवार सुरु गर्थे । मजदूरीका लागि गइने प्रमुख गन्तव्य भनेको सिक्किम, दार्जिलिङ्ग र कलकत्ता हुन्थ्यो । उनीहरुले हिन्दी र बङ्गाली सजिलै सिक्थे तर उचित शिक्षाको कमीमा उनीहरुसँग विकल्प भने धेरै हुँदैनथ्यो । कोही कोहीले सुरक्षा गार्डको नोकरी पाउँथे भने धेरैले कठिन ज्याला मजदूरीको काममा नै चित्त बुझाउनु पर्थ्यो ।

रोजगारीका निम्ति एक्लै जानु त्यत्ति सामान्य थिएन, साधारणतया उनीहरु समूहमा नै जान्थे र यदि राम्रो कामको अवसर पाएमा घर फर्कनेसँग खबर पठाई अन्य साथीभाइ पनि काम गर्न मगाउँथे । सुरीका कामदारहरु विश्वासिला भएकाले उनीहरुका मालिकले पनि काम गर्ने मानिस चाहिएमा सुरीबाट नै झिकाउन भन्थे । त्यसैले यहाँका तामाङ्गहरु कुनै एक ठाउँमा जान्थे भने सुनुवारहरु अर्को ठाउँमा । यस प्रक्रियाले उनीहरुमा सहयोग र सौहार्दताको वातावरण कायम थियो भन्ने कुरा बताउँछ जब पदमबहादुरले आफ्नी श्रीमती लाङ्गमायाको निधनका बारेमा थाहा पायो (अध्याय ९) । उसका परिवारले पठाएको चिठ्ठीलाई उसका साथीहरुले पढेर सुनाउँथे र जब उसकी श्रीमतीको मृत्युको खबर आयो उनीहरुले उसलाई शोकबाट बचाउन चिठ्ठीमा उनको निधन भएको साटो सिकिस्त बिरामी भएको र चाँडो घर जान भनिएको बताए ।

तर कतिपय विदेशिएकाहरुले गाउँमा के भन्ने र नभन्नेमा बडो ध्यान दिन्थे । उदाहरणका लागि सुनुवारहरुले कलकत्ताको जुत्ताको कारखानामा राम्रो काम पाएछन् तर हिन्दूका लागि यो मर्यादित काम नभएकाले उनीहरुले आफ

्नो कामका बारेमा कसैलाई नबताउने निधो गरेछन् किनकी उनीहरुको कामको बारेमा गाउँमा थाहा भए उनीहरुको निन्दा हुने पक्कै थियो । गाउँ बाहिर जे-जस्तो भए पनि गाउँमा रहेका महिलाको जीवन भने कष्टकर नै थियो उदाहरणका लागि वीरमायाको अवस्थाले गाउँमा रहेका सबै महिलाको अवस्थालाई उजागर गर्छ ।

मौसमी बसाईसराई अहिले पनि यहाँ चलि नै रहेको छ त्यसैले पद्मबहादुरको छोरा श्याम जो भर्खरै २० पुगेको छ उसको बुबाजस्तै बाहिर काम गर्न गएको छ । तर पहिलेको भन्दा के फरक छ भने ऊ भारतको साटो आफ्नै देशमा रहेका ट्रेकिङ्ग कम्पनीमा भरियाको काम गर्छ । अलि बढी महत्त्वकाङ्क्षीहरु भने कलकत्ता वा ग्यान्टोक छोडेर अहिले सहज भएका गन्तव्यहरु : दुबई, रियाद, कुवेत वा क्वालालम्पुरतर्फ लाग्छन् ।

डयारीमा : सेप्टेम्बर २००७, मूलाबारीमा

अहिले साँझको सात जति बजेको छ र हामी भित्र बसेर गफिरहेका छौं जब टेलिफोनको घण्टी बज्छ, म अझै पनि सुरीमा टेलिफोन देखेर झस्कन्छु । जगतले फोन उठाउँछ, फोन उनीहरुको घर नजिकै बस्ने कामीको लागि आएको रहेछ जसको छोरा कतारमा काम गर्छ । जगतले छोरालाई यति बजे फोन गर्नु म तिम्रो बुबालाई बोलाइदिन्छु भन्छ । बीस वर्षअघि पद्मबहादुरले आफ्नी श्रीमतीको मृत्यु भइसकेपछि खबर पाएका थिए भने अहिले बाहिर गएकासँग जोडिन अति सहज भएको छ ।

नेपाल सरकारले देशबाहिर काम गर्न जाने कुरालाई श्रम धारा सन् १९८५ मार्फत वैधानिकता दिइसकेको छ तर त्यसको मतलब बाहिर काम गर्न जाने नेपालीहरुलाई सहयोग गरिएको र उनीहरु सुरक्षित छन् भन्ने होइन । तर पनि वैदेशिक रोजगारको व्यवस्था मिलाउने निजी कम्पनीहरु भने काठमाडौंमा च्याऊ उम्रे जस्तै उम्रेका छन् । पहिले यहाँ ' म्यानपावर' भन्ने शब्द कहिलै सुनेकी थिइनँ भने अहिले यो यहाँका मानिसहरुले सबैभन्दा उच्चारण गर्ने शब्द बनेको छ : विशेषगरी खाडी मुलुक वा मलेसियामा काम गर्न चाहनेहरुले म्यानपावरमा जानुपर्छ ।[ii]

विदेशमा गरिने काम मूलतः मजदूरीको नै हुन्छ त्यसमा पनि दैनिक घण्टौंघण्टा काममा लगाइन्छ तर त्यसको आम्दानी भने नेपालमा दक्ष जनशक्तिले कमाउनेभन्दा पनि बढी हुन्छ । तर सुरीको युवापुस्तामा लोकप्रिय हुँदैको अको ' किसिमको बसाईसराई भने एस्. एल.सी सकेपछि उच्च शिक्षाको खोजीमा लाग्नु हो । यो अवसर अहिले स्थानीय स्तरमा नै एस्. एल.सी सम्मको पढाइ सुरु भएकाले हो । पढाई लेखाइमा राम्रो गर्नेहरुका लागि भने विकल्प भनेको देशभित्रै जागिर खानु हो भने सुरीमा पढेलेखेकाहरुको सपना भनेको काठमाडौंमा स्थायी जागिर पाउनु हो ।

सन् १९८०भन्दा अहिले औसत गाउँलेहरुले बाहिरी संसारका बारेमा बढी बुझेका छन् । रेडियो तथा भर्खरै गाउँमा भित्रिएको टिभीले गर्दा गाउँलेहरुको सूचनामाथिको पहुँच पनि बढेको छ । त्यो भन्दा पनि विदेशिएकाहरुले ल्याउने खबरले पनि धेरैको आँखा खोलिदिएको छ । उनीहरुले सजिलै अमेरिकी डलर र भारतीय रुपियाँलाई नेपाली रुपियाँलाई बदल्न सक्छन् र उनीहरुलाई विदेशीलाई कति रुपैया कमाउँछौ र प्लेनको आतेजाते खर्च कति लाग्छ भनेर सोध्न र त्यसलाई नेपाली रुपियाँमा कति हुन्छ भनेर हिसाब गर्न हिच्किचाउँदैनन् ।

विदेश जानु जोखिमपूर्ण तथा फलदायक दुवै हुन सक्छ, ऋणको ब्याज दर अति महँगो र म्यानपावर एजेन्सीले ठग्ने वा घूस लिने क्रम पनि जारी नै छ । अहिलेको संचार माध्यम जति नै सजिलो भए पनि विदेशिनु जोखिमरहित भने छैन । तर समूहगत रुपमा भारत विदेशिंदा पनि एक्लोपना महसुस भने हुन्छ । यस अवस्थामा आर्थिक स्थितिका कारण परि

वारको केवल एकजना मात्रै विदेशिन सक्छ र उनीहरु भावनात्मक तथा आर्थिक स्थिति दुवैले जोखिममा पर्दछन् । तर पनि यो अझै सर्वसामान्य हुँदै छ ।[iii]

केवल दुईजनाले मलाई आफू विदेशिएको कथा अलि बिस्तारमा सुनाए । त्यसमा पहिला थिए हेमबहादुर घटाने जसले मलेसियामा काम गरेका थिए : नेपालीहरुका लागि विदेशिने नयाँ गन्तव्य ।[iv] म सुरीमा बस्दा ऊ भर्खरैको युवा अवस्थामा पाइला टेक्दै थियो र सायद मैले सुरी छाडे लगत्तै ऊ पनि त्यहाँबाट हिंडेको हुनुपर्छ । उसले सुरीमा ७ कक्षासम्म (त्यत्तिखेर सुरीमा पढाई हुने उच्च कक्षा)पढेर १६ वर्षको उमेरमा काठमाडौं गएको रहेछ । काठमाडौंमा उसले सुनारको काम गरेर पैसा बचाई निजी स्कूलमा पढेर एस्.एल्.सी. पास गरेको रहेछ ।

डयारीको : सेप्टेम्बर २००८,

हेमबहादुर घटाने सुरी डाँडाको माथिल्लो भागमा रहेको कामी टोलमा बस्छ । यहाँको जमिन भिरालो हुनु र घरहरु एउटै ठाउँमा गुजुमुज्ज भएर बस्नु कुनै संयोग होइन । परम्परागत रुपमा उनीहरु कामीकै काम गर्ने हुनाले उनीहरुको नाममा थोरै मात्र जग्गा रहेको छ । आज चिसो ओसिलो मौसम छ र पहाडको माथिल्लो भेगलाई बादलले ढाकेको छ । हेमबहादुर हामीलाई नै पर्खिरहेको रहेछ (गाउँमा खबर चाँडै नै फैलिन्छ ), तुरुन्तै हामीलाई बस्नका लागि सुकुल ओछ्याइन्छ र भित्र चिया (खासमा तातो दूध रहेछ) बनाईदैछ ।

हेमबहादुर अग्लो छ र उसको रङ्गरोगन कालो छ जसको अगाडिको दाँतको केही टुक्रा भाँचिएको छ । ऊ जुन स्थितिबाट यहाँ आइपुगेको छ त्यस स्थितिबाट यहाँ ऊ आरामले बसेको देख्दा मलाई अच्चम लाग्छ । उसले देखाएका कागजात र फोटोहरुबाट पनि यो कुरा साबित हुन्छ तर यी प्रमाणहरुको खासै जरुरत भने छैन । उसले कुरा गर्दा उसका भावभङ्गीहरुले उसको वाक्शक्तिलाई अझै उजागर गर्छ ।

ऊ उसका काठमाडौंका तीता दिनहरुलाई सम्झन्छ जब उसको मालिकले उसलाई खाना दिंदैन्थ्यो र मालिकका बच्चाको जूठो खाना खान लगाइन्थ्यो । आठ वर्षसम्म बडो दुःख कष्ट गरेर सुनारको काम गरी ऊ आफ्नै खुट्टामा उभिन सक्ने भयो । उसले काठमाडौंमा कमाएको देखेर परिवार र समाजले उसलाई सफल भएको मानेका थिए । त्यसमा पनि उसले आफ्नो बुबाले खोजेको केटीसँग बिहे गरेर अर्को सही काम गर्‍यो । उसले घरमा आमाबाबुलाई स घाउने बुहारी लिएर आयो जसले पछि छोरो पनि जन्माइन् भने ऊ कहिलेकाहीं सुरी आउने गरी काठमाडौंमा नै बस्थ्यो । यति बेलासम्म उसको जीवनलाई औसत सफल कथाका रुपमा हेर्न मिल्थ्यो ।

हेमबहादुरका सपनाहरु त्योभन्दा पनि बढी थिए । ती मध्ये एक थियो :नाच विधामा आफ्नो कामलाई अघि बढाउने जसमा उसले करिब ६ वर्षसम्म सफलता पायो । ऊसँग काम गरेका मध्ये केही प्रख्यात नेपाली कलाकार पनि रहेछन् । उसले देखाएका फोटोमा सुनील क्षेत्री, रेजिना उप्रेती, राजेश हमाल लगायतका कलाकारहरु थिए जुन फोटोहरुमा हेमबहादुर भने अजिब देखिन्छ र मेकअपका कारण त्यस्तो देखिएको पनि बताउँछ । उसको समूहले नेपालभरि नै नाचेर राजनीतिक अभियानकाबारेमा जनचेतना बढाउने काम गरेको थियो रे । हामीले त्यसबाट के निष्कर्ष निकाल्यौं भने त्यत्तिखेर ऊ एमालेको ठूलो समर्थक रहेछ यद्यपि अहिले ऊ माओवादीको समर्थक हो । उसले यो सब निजी रि सिइबी तथा आर्थिक कारणले गर्दा अन्त्य भएको बतायो । घरमा अर्को छोरो पनि थपिएकाले घरको बोझ उठाउनका लागि उसले विदेशिने निर्णय गरेको रहेछ ।

हेमको साउदी अरबमा रोजगारकालागि विदेशिने क्रममा पहिलो पाइला भनेको म्यानपावर एजेन्सीसँगको सम्झौता र दुईवटा कोर्स पूरा गर्नु थियो । एउटा आधारभूत अँग्रेजी सिक्नु थियो भने अर्को वेटरको सीप । उसले रु ५०,००० ऋण

लिएर यसको खर्च जुटाएको थियो । धेरै ठाउँमा कामका लागि दरखास्त दिएर असफल भएपछि घूसबिना काम नहुने कुरामा ऊ विश्वस्त भयो । रिसको झोंकमा उसले त्यस कम्पनीलाई छोडेर अर्कोमा गयो जसले मलेसियाको मोटर पार्टस् कम्पनीका लागि कामदार खोजिरहेको थियो । मलेसिया जानका लागि उसले रु ९५,००० तिर्नु पर्ने थियो जसबाट उसको टिकट भाडा, कागजात तथा म्यानपावरको कमिसन पनि तिरिन्थ्यो । उसले विभिन्न श्रोतबाट ऋण लिएर सो रकम जम्मा गर्‍यो ।

सन् २००५, अगष्ट १६का दिन हेमले अरु २५ नेपाली सहित मलेसियाका लागि प्लेन चढ्यो जहाँ विभिन्न जातका मानिसहरु थिए तर एउटै भाषा र पैसा कमाउने इच्छाले बाँधिएका । मलेसिया पुगेपछि उनीहरु त्यहाँको एयरपोर्ट देखेर चकित भए । हेम त्यहाँको विशाल भवन र चमकदमक देखेर अत्तालिएको सम्झन्छ । "हामी एकाएक अब आफ्नो गाउँ परिवार फेरि देख्न पाइने हो कि होइन भनेर अशान्त भयौं ।" उनीहरुको व्याकुलता अझै बढ्यो जब उनीहरुसँग कागजातको प्रतिलिपि मात्र रहेकाले उनीहरु एयरपोर्टबाट बाहिर निस्कन नपाउने कुरा थाहा पाए । असली कागजात कम्पनीको एजेन्टसँग रहेछ । उनीहरुले आफ्नो झोला पनि लिन पाएनन् जसमा घरबाट ल्याएको खानेकुरा थिए जसलाई खान उनीहरुको मन लालायित भइसकेको थियो । तर उनीहरु १५ घण्टासम्म एयरपोर्टभित्रै बसेर शौचालयको धाराबाट पानी खान र भोकै बस्न बाध्य भए ।

हेमसँग थोरै पैसा रहेछ जसलाई उसले मलेसियन रिङ्गीटमा साटेर सानो पाउरोटी र फोनको कार्ड किनेर एजेन्टलाई सम्पर्क गर्‍यो । यस कार्यमा ऊ सफल भयो र एजेन्ट आउनेबित्तिकै उसले हेमलाई टोली नेता बनायो । उनीहरु आफ्नो देशबाट टाढा थिए र नयाँ वातावरणको रहनसहन देखेर अत्तालिएका पनि त्यसैले
त्यस्तो मिसिएका जातजाति भएको ठाउँमा पनि दलितलाई नेता बनाउँदा कसैले प्रतिकार गरेनन् । अब अर्को परिक्षा भनेको उनीहरुको स्वास्थ्य परीक्षणको थियो जुन उनीहरुले नेपालमै गराएका थिए तर पनि त्यहाँ फेरि रगत परिक्षण गर्नु पर्ने भयो । खाना नखाएको हुँदा उसका केही साथीहरु सुई देख्ने बित्तिकै मूर्छा परे त्यसैले हेमले नर्सलाई छेऊमा लगेर अँग्रेजीमा केही बलियाको बाहेक अरुको रगत परीक्षण नगर्न आग्रह गर्‍यो । उसले उसका साथीहरुलाई नर्सले उसको कुरा बुझेको बतायो र त्यसको एकछिनमा उनीहरु एयरपोर्टबाट बाहिर निस्केर बस चढेर आफ्नो नयाँ गन्तव्य तर्फ लागे ।

कम्पनीले दिएको बस्ने ठाउँ सफा तथा आरामदायक थियो । हेमको अनुसार कामको व्यवस्था पनि न्यायिक नै थियो । फ्याक्ट्रीमा उनीहरुको काम १२ घण्टाको हुन्थ्यो : जहाँ ८ घण्टा सधैं काम गर्नुपर्थ्यो, २ घण्टा ओभर टाइमको र अझै २ घण्टा काम गरे शनिबार र आइतबार दुवै दिन छुट्टी हुन्थ्यो । तर यसलाई सबैले पछ्याउन भने सक्दैनथे । ऊ र एकजना गुरुङ्गको यो समूहलाई नेतृत्व गर्ने तथा नयाँ आउने कामदारलाई काम सम्झाउने थियो । उसले कोही उदास भएका, कसैले रक्सी खान थालेका भने केही बिरामी परेका देख्यो । बार तथा होटेलमा पैसा खर्च गर्न आफूलाई रोक्न त्यत्ति सजिलो थिएन ।

कम्पनीले हेम र उसको काम गर्ने तरिकालाई मनपराएका थिए । ऊसँग कम्पनीको पैसामा महँगो खाना खाएको तस्वीरहरु पनि छन् जुन कम्पनीमा राम्रो काम गर्नेले मात्रै पाउँथे । उनीहरुलाई थाईल्याण्ड, सिंगापुर तथा इन्डोनेसिया पनि लगिएको थियो रे । उसले हामीलाई ठूला होटेलको स्विमिङ्ग पुल छेउको फोटोहरु पनि देखायो तर समय बित्दै जाँदा उसलाई घरपरिवारको सम्झनाले तान्यो । उसले हर रात सपनामा आफ्नो आमाबाबु, श्रीमती, छोराहरु लाई देख्थ्यो र उनीहरुसँग फेरि भेट हुन्छ कि हुँदैन भनेर निराश हुन्थ्यो । त्यत्ति नै बेला उसको पेटमा पनि समस्या उत्पन्न भयो र तीन वर्ष पछि ऊ आफ्नो कामको सम्झौतालाई कायमै राखी नेपाल फर्कियो ।

उसले कति पैसा कमायो त ? हेम अझै पनि यसबारेमा केही बोल्न चाहँदैन र अरुले ऊबाट अर्को अपेक्षा पनि राख्दैनन् । तर पनि उसले आफ्नो सबै ऋण तिर्‍यो, घरका लागि भैंसी पनि किन्यो र गाउँमा बत्ती ल्याउने कार्यक्रममा सहयोग गर्नुका साथै नयाँ घर पनि बनायो । ऊ गर्वका साथ भन्छ कि घर आउने बित्तिकै उसको पेटका समस्या सब खत्तम भए । तर भर्खर फेरि पेटको समस्या सुरु भएको छ र उसलाई आफ्ना छोराहरुको पढाइ खर्च जुटाउन फेरि विदेशिनु पर्छ कि भन्ने सोच पनि आइरहेको छ । हुन पनि विदेशी रमझम देखिसकेको मानिसलाई गाउँले जीवन निरस लाग्नु स्वभाविकै पनि हो ।

पहिले विवाहित महिलाहरु घरमै बस्थे, गाईवस्तु, जमिन र बच्चाहरुको रेखदेख गर्थे । अहिले पनि धेरैको भाग्यमा त्यही नै छ , बुहारीहरुबाट अझै पनि घरमा बसेर सासुससुराको सेवा गर्ने अपेक्षा राखिन्छ (हेमकी श्रीमतीमा पनि यही लागू हुन्छ जो मेरो उपस्थितिले गर्दा अलि लजालु देखिन्छि)। अविवाहिता युवतीहरु कामका लागि विदेशिने अनौठो मानिन्थ्यो किनकी बाबुआमा अरुले छोरीलाई केही गरिदिन्छन् कि भनेर डराउँथे र केही भई हालेमा उसको विवाह गराउन मुश्किल हुनेछ भन्ने बारेमा पनि चिन्तित हुन्थे । १८-१९ वर्षलाई छोरीको विवाह गरेर बच्चा पाउने उचित उमेर भएको मानिन्थ्यो । यही कुरा शेर्पा तथा तामाङ्ग समुदायका महिलामा पनि लागू हुन्थ्यो जो अरु जातका भन्दा महिलाको हिंडडुलका बारेमा उदार सोच राख्दथे । तर आजकल यो मानसिकतामा पनि परिवर्तन आउँदै छ ।[v]

डयारीःसेप्टेम्बर २००७,

निरुता गुरुङ्ग, जसलाई सबैले उसको बोलाउने नाम जिराबाट चिन्छन् र जो घामको किरणबाट बच्न छाता ओढेर हिंड्छे । उसका हातमा दुईटा ठूलो सुनको औंठी चम्कीरहेको छ जुन मैले पहिले कुनै गाउँलेले लगाएको देखेकी छैन : एउटा सुनको बेरुवा भने अर्कोमा ठूलो नीलम र हिरा जडेको छ । ती औंठीको अरु केटीहरुले डाह गर्छन् भन्ने कुरा कल्पना गर्न त्यत्ति गाह्रो छैन । जिराको लुगा पनि आधुनिक छ : चड्का सुन्तला रङ्गको सिफनको कुर्ता सुरुवाल । उसलाई पूरै देख्नुभन्दा पहिले नै झलक्क देख्दैमा हामीले त्यो जिरा नै हुनुपर्छ भनेर अनुमान लगाइसकेका थियौं ।



जिरा २० वर्षकी आर्कषक युवती हो जसलाई खुब धेरै हाँस्नुपर्छ र विशेषगरी जब ऊ आफ्नो सोझोपनका बारेमा सम्झिन्छे । ऊ १५ वर्षकी हुँदा कुवेतमा काम गर्न गएकी थिई रे जुन उसको आफ्नै इच्छाले गर्दा हो भनेर ऊ बताउँछे । उता जान उसको मामाले (जसको निधन भइसकेको छ )सहयोग गरेका थिए रे । उहाँको म्यानपावर कम्पनीमा राम्रो चिनजान भएकाले जिराको उमेर बढाउन, राहदानी लिन र कागजात बनाउन पनि त्यत्ति गाह्रो भएन ।

जब उसका आमाबाबुले छोरीको दृढता देखे तब उनीहरुले नचाहे पनि अनुमति दिए । कक्षा ५ सम्म पढेकी केटी जोसँग केही सिप थिएन र अरु भाषा पनि आउँदैनथ्यो उसँग के नै अवसर बाँकी हुन्थ्यो र ? उसलाई आफ्नो गाउँ बाहेकको बाहिरी संसार हेर्नु थियो । तर त्यसका लागि पैसाको जरुरत थियो र त्यो पनि रु १,००,००० जुन उसको परिवारले विभिन्न ठाउँबाट ऋण लिएर जम्मा गरे ।

जब जाने बेला भयो जिरालाई डर लाग्न थाल्यो । उसले धेरै केटीहरु यौनहिंसामा परेको थाहा पाएकी थिई तर त्यो सबैलाई नहुने र आफ्नो भाग्यमा त्यस्तो आउन नदिने कुरामा विश्वस्त थिई । मसँगको कुराकानीमा उसले थुप्रै पटक आफू यौनजन्य हिंसामा नपरेको बताइन् जसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने गाउँलेहरुले यो विषयमा ठूलै शंका व्यक्त गरेका रहेछन् । जिरा भन्छिन् जब उनलाई दिल्लीमा म्यानपावर एजेन्सीले पाँच दिनसम्म उनीहरुकै भवनमा राखेको थियो तब उनलाई खुब डर लागेको थियो रे । दिल्ली ठूलो र डरलाग्दो थियो र आफ्नो गाउँघरको कुनै पनि अंश त्यहाँ भेट्टाउन मुश्किल थियो तर अब ऊसँग फर्केर जाने मौका पनि थिएन ।

कुवेतका लागि प्लेन चढिसक्दा पनि ऊसँग उसले काम गर्ने घरको नाम र टेलिफोन नम्बर बाहेक अरु केही पनि थिएन । उनीहरुसँग भने उसको फोटो थियो जसको मद्दतबाट उनीहरुले एयरपोर्टमा चिने र आफ्नो घर लगे । त्यस घरमा अर्को एकजना नेपाली महिला भेटेर ऊ खुसी भई जसलाई उसले दिदी भनेर बोलाउन थाली । त्यो दिदी त्यहाँ बसेको १० वर्ष भइसकेको रहेछ त्यसैले उनी अनुभवी थिइन् र जिरालाई चाहिने सबैकुराको बारेमा बताउन सक्थिन् । त्यहाँ सबैभन्दा पहिले सिकेको कुरा भनेको के कस्तो लुगा लगाउने भन्ने हो : घरको मालिकको अगाडि जहिले पनि बुर्का लगाएर आउनुपर्थ्यो र सामान्य लुगामा देखा पर्नु हुँदैनथ्यो । बुर्का लगाउने जरुरत पर्छ कि पर्दैन भनेर घरको घण्टीले बताउँथ्यो किनकी मालिक्नी र मालिकका लागि दुईटा भिन्नै घण्टीहरु थिए ।

सुरुको महिनामा जिराका लागि सजिलो नै भएको थियो : उसको शरीरको जाँच गराइएको थियो र जबसम्म रिपोर्ट आएको थिएन उसलाई केही काम गर्नु परेन । जब रिपोर्टमा केही देखिएन तब मालिक्नीले उसलाई उसका कामहरुको बारेमा अर्थ्याइन् । उसले बिहान ४ बजेदेखि रातिको १२ बजेसम्म काम गर्नुपर्थ्यो । उसले पहिले आएकाहरु दुईचार महिना बसेर फर्केको सुनेकी थिइन् र ऊ आफूले राम्रो काम गर्नेमा दृढ थिइन् । उसको काम भनेको घरको लुगा धुने, तीनवटा बच्चाको रेखदेख गर्ने र घर सफा गर्ने थियो । एकदमै गर्मी भएकाले बच्चाहरु बिहानको ५ बजे नै स्कूल जान्थे र ९ बजे नै फर्कन्थे, बिहानीको खाना २ बजे खाइन्थ्यो र त्यसपछि मालिक र मालिक्नी आराम गर्थे । तर नोकरहरु भने आराम गर्न पाउँदैनथे र त्यसमा निगरानी गर्नका लागि उनीहरुले कहिलेकाहीं फोन पनि गर्थे । दिदी र उसलाई नेपाली बोल्ने अनुमति पनि थिएन विशेषगरी मालिक र मालिक्नीको अगाडि ।

जिरालाई विशेषगरी बच्चाका साथीहरु खेल्न आएको बेलामा रमाइलो लाग्थ्यो किनकी उनीहरु आफ्नो काम गने ाेलाई साथ लिएर आउँथे । बच्चाहरु खेलिरहेका बेलामा उनीहरु गफिन पाउँथे । अर्को रमाइलो लाग्ने भनेको जब हप्ताको एकपल्ट चर्च जान पाइन्थ्यो । म्यानपावर एजेन्सीले उसलाई आफू इसाई भएको बताएमा हप्तामा एकदिन घर

बाट बाहिर निस्कन पाउने बताएको थियो र उसले सोही भनेकी थिइन् । हिन्दू भएर हुर्केकी जिरालाई कसैले उसलाई उसको आस्थाका बारेमा सोध्दा (हाँस्दै)उसलाई जवाफ दिन मुश्किल पर्थ्यो । तापनि चर्च जानु हप्ता दिनकै उत्साहजनक काममा पर्थ्यो । घरबाट निस्कदा बुर्का लगाएर निस्कने अनि ट्याक्सीमा बुर्का निकाल्ने र ४ बजेपछि फेरि घर छिर्नुअघि फेरि ट्याक्सीमा चढ्ने अनि बुर्का लगाउने । चर्चमा उसले यस्ता धेरै मानिसहरुसँग भेटी जो परिवारहरु का लागि काम गर्थे र चर्च जानाले उनीहरुलाई रमाइलो गर्ने तथा आराम गर्ने मौका प्रदान गर्थ्यो ।

हरेक पन्ध्र दिनमा उसकी मालिक्नीले उसलाई तलब दिन्थिन् र एउटा बाकसमा सुरक्षित राख्न भन्थिन् । प्रायःजसो त्यो रकम ऊ आफ्नो आमाबाबुलाई पठाउँथी । खासमा उसको दुई वर्षको सम्झौता एकैछिन्मा सकिएको जस्तो लाग्यो रे तर ऊ घर आउने कुरा सम्झेर रमाए पनि आफ्नो कुवेती परिवार छोड्ने कुराले दुःखी भई । उसको मालिकले जिराले कुवेत छोड्नुअघि उसको अनुहार हेर्ने इच्छा गरेको र जिरालाई देखेर सानै उमेरमा त्यत्ति कठिन काम गरेकाले आफू अचम्मित परेको बताए । पूरै परिवार उसलाई छोड्न एयरपोर्ट आएको थियो र उसको मालिकले उसलाई के के गर्नुपर्छ भनेर सिकाए पनि ऊ साह्रै नै भावमय भई र अलिमलिएर अगाडि पछाडि घुमिरही तब उसको मालिकले कसैलाई फोन गरेर बोलाएर मद्दत गर्न भने । त्यत्तिखेरसम्म ऊ अति नै ढिलो भइसकेकी र उसको नाम थुप्रै पटक बोलाइसकेको रहेछ । प्लेन चढ्ने ऊ अन्तिम रहिछ र अरु नेपालीहरुले कति मूर्ख भएको भनेर उसलाई भनेछन ् । तर पनि उनीहरुले उसलाई बहराइनमा प्लेन फेर्न मद्दत गरेछन् जस अनुरुप ऊ सुरक्षित नेपाल फर्कन सफल भई ।

अब जिराले के गर्छे ? बाहिरी संसार देखिसकेकी जिरालाई गुरुङ्गहरुको सानो गाउँ कप्तीमा सीमित भएर जीवन भर घाँस दाउरा काटेर वा धान,गँहु रोपेर बसेको कल्पना गर्न समेत गाह्रो छ । उसलाई हेर्दा पनि यो उसको विचार होइन भनेर सजिलै थाहा हुन्छ । त्यसैले सोध्दा उसले उत्तर दिई : फर्केर आएपछि पनि ऊ आफ्नो कुवेती परि वारसँग सम्पर्क मै छे र उनीहरुले चालक अनुमतिपत्र भएको केटासँग बिहे गरेर आउनु अनि बुढाबूढी दुवै उनीहरुका लागि काम गर्नु भनेका छन् । जिरा अझै पनि आफ्नो लागि के ठीक हुनेछ भनेर सोच्दै छे ।

यहाँ सोच्न लायक कुरा के छ भने दुवै हेम र जिरालाई आफ्नो काम सुरु गर्नु अघि शारीरिक जाँच गर्न लगाइएको थियो । यसो गर्नुमा उनीहरुको चिन्ता भनेको एड्स, क्षयरोग वा अन्य सरुवा रोगप्रतिको हो । तर नेपालबाट गएका कामदारमा भन्दा पनि विदेशिएकाहरु नेपाल फर्कंदाको अवस्थामा बढी चिन्तित हुनुपर्ने देखिन्छ । जिराको कथा हेर्दा खुसीले भरिएको देखिए तापनि ऊ दिल्लीमा हुँदा तर्सनु स्वभाविकै हो । यौनजन्य क्रियाकलापका लागि भारत र नेपालकाबीच हुने मानव तस्करी एच.आई.भी तथा अन्य यौन रोग भित्र्याउने प्रमुख कारक हो ।[vi] एच.आई.भीको जोखिमका बारेमा हेमले भनेको थियो कि मलेसियामा उसका साथीहरु खाली समय कसरी बिताउनेमा त्यत्ति सचेत थिएनन् ।

हेम र जिरा दुवै आफ्नो परिवार मोहले तानिएर सुरी फिर्ता आएपनि उनीहरु बाहिरी दुनियाँ, त्यहाँको रमझमको साथै त्यहाँको दुःखको पनि अनुभव गरिसकेपछि पनि आफ्ना विकल्पहरु केलाइरहेका छन् । उनीहरु दुवैजनाले उस्तै छनक दिन्छन् : दुवैको आर्थिक उन्नति बाहेक ज्ञान र आत्मविश्वास बढेको छ जुन पनि एक प्रकारको सम्पत्ति नै हो । विदेशिएकाहरुको योभन्दा दुःखी कथा पनि छ, धेरै ऋणमा डुबेर घर जग्गा सबै खत्तम भएको अवस्था पनि छ तर पूरै देशलाई केलाउने हो भने हेम र जिरा भने सामान्यमा पर्छन् किनकी उनीहरुले घर धान्नका लागि पैसा ल्याएका छन् ।[vii]



अब भविष्यमा के हुने हो त्यो त हेर्न बाँकी नै छ ? विश्वभर छाएको आर्थिक मन्दीका कारण विदेशिनेहरुलाई अवसर हरु अलि कम छन् र कतिपय विदेशिएकाहरु खाली हात घर फर्किएका छन् । त्योभन्दा पनि हेम र जिराजस्ता कतिजना दुई संसारको बीचमा अड्केका छन् । उनीहरु आफू जन्मे हुर्केको ठाउँमा जीवनपायन गर्न इच्छुक छैनन् । उनीहरु गाउँका लागि प्रेरणाका श्रोत बन्न सक्छन् र गाउँमै निवेश गर्न पनि सक्छन् जसरी गोर्खा आर्मीले आफ्नो काम सकिएपछि आफ्नो गाउँ फर्केर गर्छन् । हेमले सुरीको बिजुली कार्यक्रममा सहयोग गरिरहेको छ । उनीहरु सामाजिक परिचालक भएर राजनीतिक परिवर्तनका लागि पनि काम गर्न सक्छन् । हेमले यसतर्फ पनि पाइला बढाएको देखिन्छ वा उनीहरुले गाउँले जीवन आफ्ना लागि होइन भनेर अन्यत्रै आफ्नो परिवारलाई स्थायी रुपमा सार्न पनि सक्छन् जसरी नेपालभरि नै ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाई सर्ने काम भइरहेको छ । तर उनीहरुमा यी सबै लागू नहुन पनि सक्छ । सायद हेम र जिराको भाग्यमा दुई दुनियाँबीचमा बाँडिएर नै आफ्नो जीवनयापन गर्नुपर्ने लेखिएको छ : एकमा पर देशबाट आएको मेहिनेती कामदार भने अर्कोमा गाउँ फर्केको गाउँले जसलाई सद्भाव र इर्ष्याको नजरले हेरिन्छ र जो घरमै भएर पनि परदेशी महसुस गर्छ ।

[i] भारतकै भाग भएपनि सिक्किममा नेपाली भाषा बोलिन्छ त्यसैले नेपालीलाई काम पाउन सजिलो हुन्छ

[ii] सन् २००६ मा नेपालमा यस्ता ५५९ निकायहरु छन् र तीमध्ये सरकारी नियम पूरा नभएकाले ११७ वटाको लाइसेन्स खारेज भएका छन् (NCCR North-South, UNIFEM and NIDS Nepal Migration Year Book 2006).

[iii] बज्रडाँडाका सामुदायिक वन उपभोक्ता समितिका सदस्यसँग छलफल हुँदा उनीहरुले ८७ घरधुरीका एक तिहाई नातेदार विदेशी रोजगारमा गएका छन् (अध्याय ९मा) भनेका थिए। सरकारी तथ्याङ्कले यसरी विदेशिनेको संख्या कम देखाउँछ किनकी सरकारी कागजात पूरा गरेर जाने निकै नै कम छन् (NCCR North-South, UNIFEM and NIDS Nepal Migration Year Book 2006)। वैदेशिक रोजगारका लागि जानेको संख्या सन् १९९३-१९९४ मा ३,६०० बाट बढेर २००४-२००५मा १८३,००० पुगेको थियो , स्वीस विकास सहयोगको वार्षिक प्रतिवेदन, २०१० अनुसार २००९-२०१०मा वैदेशिक रोजगारका लागि जानेको संख्या २,९४,००० पुगेको थियो (आर्थिक मन्दी भएपनि २००८-०९ मा बढेको थियो)

[iv] सन् २००१को फ्रेबुअरी महिनामा मलेसियाको सरकारले नेपाली कामदारका लागि ढोका खुलेको थियो। एक वर्षभित्र नै मलेसियामा ८५,००० नेपाली कामदार थिए (Seddon, D. 2005 Nepal's Dependence on Exporting Labour Country Profile *Migration Information Source* http://www.migrationinformation.org/Profiles/display.cfm?id=277) हेम त्यसको केही वर्षमै त्यहाँ पुगेको थियो

[v] सन् १९९८मा महिलाहरुलाई खाडी मुलुक जान रोक लगाइएको थियो तर पनि भारत हुँदै विदेशिने क्रम भने रोकिएको छैन। यसले महिलाहरुलाई झनै कमजोर बनाएको छ किनकी भारत हुँदै जानेको सरकारसँग केही तथ्याङ्क हुँदैन। यस्तो परिणामले गर्दा सरकारले डिसेम्बर २०१० मा यो रोकलाई हटाएको छ http://www.bbc.co.uk/go/rss/int/news/-/news/world-south-asia-11955863. तर खाडी मुलुक जाने नेपाली महिलाहरु शारीरिक तथा मानसिक यातनाले प्रताडित भएर फर्कन्छन् http://www.hrw.org/node/93334।

[vi] यस्तै अनुभवहरुको कथा Patricia McCormick (2006) ले उहाँको किताव *Sold* Hyperlion Paperbacks, New York.मा लेख्नुभएको छ

[vii] विदेशी रोजगारमा गएकाले हरेक वर्ष रेमिटेन्सको रुपमा १.५ अर्ब अमेरिकी डलर पठाउँछन्। स्वीस विकास सहयोगका अनुसार देशको कुल ग्राह्स्थ उत्पादनको २० प्रतिशत रेमिटेन्सबाट आउँछ।